# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।१२।२७ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

नापी कार्यालय, सप्तरीअन्तर्गत १ नम्बर नापी टोली सप्तरीबाट साविक तरही गाविस वडा नं.३ (हाल डाक्नेश्वरी नगरपालिका वडा नं.-३) को गाउँ ब्लकको जग्गा नापी गराइदिने प्रयोजनको लागि टोलीमा कार्यरत कर्मचारीहरूबाट सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट खटिई गएको टोलीले २०७५ फाल्गुन मसान्तसम्म डोर हाजिरबाट जन्जिरदारको काम गर्नका लागि राखिएका पिन्टुकुमार यादवलाई सेवाग्राहीसँग रू.२६,०००।- (छब्बीस हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा राजविराज स्थित थारू रिसोर्टबाट नियन्त्रणमा लिई अनुसन्धान हुँदा उक्त कार्यमा संलग्न नापी कार्यालय, सप्तरीअन्तर्गत १ नम्बर नापी टोली प्रमुख, सर्वेक्षक उमाकान्त यादव र ऐ. टोलीमा ज्यालादारी जन्जिरदार पदमा कार्यरत पिन्टु कुमार यादवको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएको सप्रमाण पुष्टि हुन आएको देखिदा निजहरुलाई जनही बिगो रु.२६,०००/- (छब्वीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता